**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २४ जनवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

1. प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान 11 बजी आकाशवाणीको 'मन की बात' कार्यक्रममा देशविदेशका जनतालाई आफ्नो विचार साझा गर्नुहुनेछ।

2. भारत सरकारको गृह मन्त्रालयले नियुक्त गरेका इन्टरलोक्युटर पंकजकुमार सिंह आज पहिलोपल्ट दार्जिलिङ आउनु भएको छ| उहाँलाई सांसद, विधायक र अन्य प्रतिनिधिहरुद्वारा स्वागत गरिएको छ|

3. पश्चिम बंगालमा मतदाता सूचीको मस्यौदामा दावी र आपत्तिहरूको सुनुवाइको क्रममा भएको हिंसा र तोडफोडका घटनाहरूको बारेमा कारबाही गर्न असफल भएकोमा निर्वाचन आयोग दुई जिल्ला निर्वाचन अधिकारीहरूसँग असन्तुष्ट रहेको बताइएको छ।

4. भाजपा नेता दिलीप घोषले राज्यको स्वास्थ्य व्यवस्था र अस्पतालहरूमा सुरक्षालाई लिएर राज्य सरकारमाथि चर्को हमला गर्नु भएको छ।

5. सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले स्वर्गीय प्रशान्त तामाङप्रति श्रद्धाञ्जली अर्पण गर्नु भएको छ।

**पीएम-मन की बात**

प्रधानमंत्री नरेंद्र मोदीले भोलि बिहान 11 बजे आकाशवाणीको 'मन की बात' कार्यक्रममा देशविदेशका जनतालाइ आफ्नो विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 130 औं कड़ी हुनेछ । कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्क, एआईआर वेबसाइट र न्यूअनएयर मोबाइल एपमा प्रसारण हुनेछ । संचार एआईआर न्यूज़, डीडी न्यूज़, , प्रधानमंत्री कार्यालय र सूचना र प्रसारण मंत्रालय को यूट्यूब च्यानलहरूमा पनि सीधा प्रसारण हुनेछन्| हिंदी प्रसारण पछि आकाशवाणी क्षेत्रीय भाषा हरु मा पनि कार्यक्रम को प्रसारण हुनेछ ।

**इन्टरलोक्युटर पंकजकुमार सिंह**

भारत सरकारको गृह मन्त्रालयले नियुक्त गरेका इन्टरलोक्युटर पंकजकुमार सिंहसँग आज पहिलोपल्ट दार्जिलिङ आउनु भएको छ| उहाँ आउनु भएको बेला आज दार्जिलिङका सांसद राजु विष्ट, दार्जिलिङका विधायक निरज जिम्बा, गोजमुमोक प्रतिनिधिहरु र अन्याहरुले स्वागत जनाएका थिए भने उहाँसित सबैले भेटघाट पनि गरेका थिए| यस अवसरमा दार्जिलिङका सांसद राजु विष्टले उहाँसँग भेट गर्नु भएको थियो। उहाँले इन्टरलोक्युटर श्री सिंहलाई दार्जिलिङमा स्वागत जनाउँदै दार्जिलिङका जनताको चिरकालिक आकांक्षाहरूलाई सम्बोधन गर्ने दिशामा सबै हितधारकहरू एकबद्ध बन्ने नौलो अवसर रहेको बताउनु भएको छ।

**सांसद श्री विष्टले पंकजकुमार सिंह एक सेवानिवृत्त आईपीएस अधिकारी एवम् पूर्व उप-राष्ट्रिय सुरक्षा सल्लाहकार रहेको बताउँदै उहाँसँग जटिल मुद्दाहरूको समाधान गर्ने ठूलो अनुभव रहेको बताउनु भएको छ। उहाँले इन्टरलोक्युटरसित भएको भेट विषयमा भन्नु भयो, 'भेटघाटको क्रममा मैले बाङ्ग्लादेश, नेपाल, भुटान, अनि चीनसँग एकदमै जोड़िएको हाम्रो क्षेत्रका भूराजनीतिक जटिलताहरूमाथि प्रकाश पार्नु भएको छ। यसले समग्र दार्जिलिङ पहाड़,**

**तराई अनि डुवर्सलाई राष्ट्रिय सुरक्षाको दृष्टिले एकदमा महत्त्वपूर्ण क्षेत्र बनाउँदछ। मैले इन्टरलोक्युटरलाई कुनै पनि राजनीतिक पूर्वाग्रह बिना निष्पक्ष, पारदर्शी अनि समतामूलक छलफल सुनिश्चित गर्न अनुरोध गरेको छु।' उहाँले पश्चिम बङ्गाल सरकारलगायत सबै हितधारकहरू इन्टरलोक्युटरसँग सकारात्मक ढङ्गले संलग्न हुनेछन् अनि यस प्रक्रियलाई तीव्रता दिनमा मद्दत गर्नेछन् भनी विश्वास व्यक्त गर्नु भएको छ। सांसद विष्टले प्रधानमन्त्री नरेन्द्र मोदी अनि गृहमन्त्री अमित शाहलाई दार्जिलिङसँग सम्बन्धित मुद्दाहरूको समाधानप्रति दृढ समर्थन र वचनबद्धताका लागि धन्यवाद दिनु भएको छ।**

**<u>पश्चिम बंगाल – एसआईआर</u>**

पश्चिम बंगालमा मतदाता सूचीको मस्यौदामा दावी र आपत्तिहरूको सुनुवाइको क्रममा भएको हिंसा र तोडफोडका घटनाहरूको बारेमा समयमै कारबाही गर्न असफल भएकोमा निर्वाचन आयोग दुई जिल्ला निर्वाचन अधिकारीहरूसँग असन्तुष्ट रहेको बताइएको छ। यी दुवै अधिकारीहरू सम्बन्धित जिल्लाका जिल्ला अधिकारि पनि हुन्। यस हप्ता भएको एउटा घटनामा अल्पसंख्यक बहुल मुर्शिदाबाद जिल्लाको फरक्कामा रहेको सुनुवाइ केन्द्र समावेश थियो, जहाँ फरक्का विधानसभा क्षेत्रका विधायक मनिरुल इस्लामको नेतृत्वमा सत्तारूढ तृणमूल कांग्रेसका कार्यकर्ताहरूले केन्द्रमा तोडफोड गरेको आरोप छ। यस अवस्थामा, निर्वाचन आयोगले मुर्शिदाबाद जिल्ला मजिस्ट्रेट र जिल्ला निर्वाचन अधिकारीलाई बिहीबारसम्ममा विधायक मनिरुल इस्लाम विरुद्ध एफआईआर दर्ता गर्न र सोही दिन आयोगलाई जानकारी गराउन निर्देशन दिएको थियो। यद्यपि, आज बिहानसम्म, आयोगको आदेशको पालनाको कुनै रिपोर्ट नआएको पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीको कार्यालयका स्रोतहरूले पुष्टि गरेको छ। यस्तै अर्को घटनामा उत्तर दिनाजपुर जिल्लाको इटहरमा रहेको सुनुवाइ केन्द्रमा तोडफोड भएको थियो। यस घटनामा पनि आयोगले सम्बन्धित जिल्ला शिक्षा अधिकारीबाट सकेसम्म चाँडो विस्तृत प्रतिवेदन माग गरेको थियो, तर आज बिहानसम्म त्यो निर्देशन पनि पालना गरिएको थिएन।

सीईओ कार्यालयको एक वरिष्ठ स्रोतले बताएअनुसार आयोगले राज्यका सबै जिल्ला शिक्षा अधिकारीहरूलाई स्पष्ट निर्देशन दिएको छ कि सुनुवाइ केन्द्रहरूमा हुने तोडफोड वा हिंसाका घटनाहरूलाई हल्का रूपमा लिनु हुँदैन र त्यस्ता घटनाहरूमा स्थानीय पुलिस थानामा तुरुन्तै एफआईआर दर्ता गर्नुपर्छ।

**<u>इन्टरलोक्युटर - विधायक निरज जिम्बा</u>**

दार्जिलिङका विधायक निरज जिम्बाले आज भारत सरकारको गृह मन्त्रालयद्वारा नियुक्त इन्टरलोक्युटर पंकजकुमार सिंहलाई भेटेर ज्ञापन पत्र चढ़ाउनु भएको छ। इन्टरलोक्युटर सिंहलाई पहाडमा स्वागत गर्नु हुँदै विधायक श्री जिम्बाले यो भ्रमणलाई भारतीय गोर्खाहरूको राजनीतिक मुद्दामा भारत सरकार प्रत्यक्ष संवादका लागि तयार भएको संकेत बताउनु भएको छ। उहाँले ज्ञापन पत्रमा विगत चार दशकभन्दा बढी समयदेखि दार्जिलिङ गोर्खा हिल काउन्सिल, छैटौं अनुसूचीका पहलहरू तथा जीटिए जस्ता व्यवस्थाहरूले अस्थायी स्थिरता प्रदान गरे तापनि अन्तिम समाधान दिन असफल भएको उल्लेख गर्नु भएको छ। आन्दोलनको ऐतिहासिक पृष्ठभूमि स्मरण गराउँदै उहाँले स्मारक पत्रमा गोरामुमोका संस्थापक स्व. सुवास घिसिङको नेतृत्व गरिएको आन्दोलन भारत संघभित्रै अधिकारको माग थियो, भारतविरुद्ध होइन भनी जनाउनु भएको छ।
उहाँले पत्रमा भारत सरकार, पश्चिम बंगाल सरकार र पहाडका प्रतिनिधिहरूबीच भएको त्रिपक्षीय सम्झौता उल्लेख गर्नु हुँदै दार्जिलिङलाई छैटौं अनुसूचीमा समावेश गर्ने सहमति भएको जानकारी गराउनु भएको छ। संसदमा विधेयक प्रस्तुत भए पनि संसदीय स्थायी गृह मामिला समितिमा पठाइएपछि प्रक्रिया अधुरो रहँदै विधेयक निष्क्रिय भएको तथ्य स्मरण गराउनु भएको छ।

**<u>इन्टरलोक्युटर – अनु छेत्री</u>**

इन्टरलोक्युटर पहाड आएर घुमेर फर्किन्छ कारण पहाडमा शान्ति छ। हामी इन्टरलोक्युटरलाई स्वागत गर्दछौं| तर गोर्खाहरुको समस्या समाधानको लागि इन्टरलोक्युटर किन चाहियो? पीपीएस भनेको त इन्टरलोक्युटर पो रहेछ। उक्त कुरा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको भातृ संगठन नारी शक्तिकी केन्द्रिय अध्यक्षा एवं खरसाङ पञ्चायत समितिकी सभापति अनु छेत्रीले बताउनु भएको छ।
उहाँले आज खरसाङमा पत्रकारहरुलाई सम्बोधन गर्नु हुँदै इन्टरलोक्युटर विषयमा आफ्नो प्रतिक्रिया दिँदै भन्नु भयो, 'हामीलाई

इन्टरलोक्युटर चाहिँदैन, किनभने गोर्खाहरुको समस्या प्रधानमन्त्री र गृहमन्त्रीलाई समेत थाहा छ, भाजपा सरकारलाई पनि थाहा छ कि गोर्खाहरुलाई गोर्खाल्याण्ड चाहिएको छ।
उहाँले अझ भन्नु भयो, 'इन्टरलोक्युटर आज दार्जिलिङमा बसेर 26 जनवरीमा खरसाङको जनसभामा आउने भएको छ हरे, तर यो जनसभा सीधा साधा गोर्खाहरुलाई झुक्याउनु मात्र आयोजना गरिएको हो। यो जनसभा केवल चुनावी जनसभा मात्र हो। हामी चुनाउअघि नै गोर्खाहरुको सपना पूरा भएको चाहन्छौ। इन्टरलोक्युटर गोर्खाहरुलाई लट्याउने बहाना मात्र हो। अब हामी लट्टिनु हुँदैन।'

**पश्चिम बंगाल – एसआईआर**

पश्चिम बंगालमा मतदाता सूचीको मस्यौदामा दावी र आपत्तिहरूको सुनुवाइको क्रममा भएको हिंसा र तोडफोडका घटनाहरूको बारेमा समयमै कारबाही गर्न असफल भएकोमा निर्वाचन आयोग दुई जिल्ला निर्वाचन अधिकारीहरूसँग असन्तुष्ट रहेको बताइएको छ। यी दुवै अधिकारीहरू सम्बन्धित जिल्लाका जिल्ला अधिकारि पनि हुन्। यस हप्ता भएको एउटा घटनामा अल्पसंख्यक बहुल मुर्शिदाबाद जिल्लाको फरक्कामा रहेको सुनुवाइ केन्द्र समावेश थियो, जहाँ फरक्का विधानसभा क्षेत्रका विधायक मनिरुल इस्लामको नेतृत्वमा सत्तारूढ तृणमूल कांग्रेसका कार्यकर्ताहरूले केन्द्रमा तोडफोड गरेको आरोप छ। यस अवस्थामा, निर्वाचन आयोगले मुर्शिदाबाद जिल्ला मजिस्ट्रेट र जिल्ला निर्वाचन अधिकारीलाई बिहीबारसम्ममा विधायक मनिरुल इस्लाम विरुद्ध एफआईआर दर्ता गर्न र सोही दिन आयोगलाई जानकारी गराउन निर्देशन दिएको थियो। यद्यपि, आज बिहानसम्म, आयोगको आदेशको पालनाको कुनै रिपोर्ट नआएको पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीको कार्यालयका स्रोतहरूले पुष्टि गरेको छ। यस्तै अर्को घटनामा उत्तर दिनाजपुर जिल्लाको इटहरमा रहेको सुनुवाइ केन्द्रमा तोडफोड भएको थियो। यस घटनामा पनि आयोगले सम्बन्धित जिल्ला शिक्षा अधिकारीबाट सकेसम्म चाँडो विस्तृत प्रतिवेदन माग गरेको थियो, तर आज बिहानसम्म त्यो निर्देशन पनि पालना गरिएको थिएन।

सीईओ कार्यालयको एक वरिष्ठ स्रोतले बताएअनुसार आयोगले राज्यका सबै जिल्ला शिक्षा अधिकारीहरूलाई स्पष्ट निर्देशन दिएको छ कि सुनुवाइ केन्द्रहरूमा हुने तोडफोड वा हिंसाका घटनाहरूलाई हल्का रूपमा लिनु हुँदैन र त्यस्ता घटनाहरूमा स्थानीय पुलिस थानामा तुरुन्तै एफआईआर दर्ता गर्नुपर्छ।

**दिलीप घोष**

भारतीय जनता पार्टी (भाजपा) नेता दिलीप घोषले आज अपरान्ह आफ्नो सोशल मीडिया ह्याण्डलमा राज्यको स्वास्थ्य व्यवस्था र अस्पतालहरूमा सुरक्षालाई लिएर राज्य सरकारमाथि चर्को हमला गर्नु भएको छ। उहाँले भन्नु भयो, आरजीकर निर्भयाकाण्डपछि अस्पतालहरूमा कार्यरत डाक्टर अनि नर्सहरूको सुरक्षालाई लिएर उच्च अदालतद्वारा जारी दिशानिर्देशहरू विषयमा श्री दिलीप घोषले आफ्नो पोस्टमा लेख्नु भएको छ, उच्च अदालतले अस्पतालहरूमा सीसीटीभी क्यामरा जड़ान गर्ने, पर्याप्त प्रकाशको व्यवस्था गर्ने तथा सुरक्षा व्यवस्थालाई सशक्त बनाउने स्पष्ट निर्देश दिएको थियो, तर धरातलमा भने उक्त निर्देशलाई प्रभावकारी ढंगमा लागू गरिएको छैन।
उहाँले आरोप लगाउनु भयो, यदि उच्च अदालतका दिशानिर्देशलाई सही ढंगमा लागू गरिएन भने राज्यका विभिन्न सरकारी अस्पतालहरूमा तृणमूल कंग्रेससित सम्बन्धित कथित दलाल चक्रद्वारा बेडको अवैध बिक्रीबाट हुने कमाई बन्द हुनेछ। त्यसैले राज्य सरकार यी निर्देशहरूलाई लागू गर्न हिच्किचाइरहेको छ।
भाजपा नेताले प्रश्न गर्नु भयो, भोटपूर्व के मुख्यमन्त्री ममता ब्यनर्जीले यस दिशामा कुनै ठोस कदम उठाउँछन्? उहाँले यो पनि भने, पछिल्लो 15 वर्षदेखिको मुख्यमन्त्री स्वयं स्वास्थ्य मन्त्री भए पनि राज्यमा सुरक्षित, पारदर्शी औ जवाफदेही स्वास्थ्य व्यवस्था गर्न विफल भएकी छन्।

**भाजपा विधायक शंकर घोष**

सिलगढ़ी शहरमा निरन्तर भइरहेका आगलागीका घटनाहरू तथा दमकल विभागमाथि लागिरहेको लापरवाहीका आरोपहरूको सन्दर्भमा सिलगढ़ीका भाजपा विधायक शंकर घोष आज सिलगढ़ी दमकल विभागको कार्यालयमा पुगनु भएको थियो। यो निरीक्षण देशबन्धु पाड़ामा हालैमा भएको भयानक आगलागी पश्चात गरिएको हो जहाँको पीड़ित परिवारले समयमा

दमकल सेवा उपलब्ध नरहेको तथा खराब तकनिकी व्यवस्थाको सिकायत गरेको थियो। आरोप छ, घटनास्थलमा पुगेको दमकल वाहनमा तकनिकी खराबी थियो जसले गर्दा आगो निभाउन ढिलो भयो फलस्वरूप पीड़ित परिवारलाई ठूलो क्षतिको सामना गर्नु पऱ्यो। यस अतिरिक्त पछिल्लो लामो समयदेखिकै दमकल विभागको बुनियादी ढाँचा अनि आवश्यक उपकरणहरूको अभावलाई लिएर पनि स्थानीय मानिसहरूमा असन्तोष व्याप्त भएको छ। उपरोक्त सिकायतहरूलाई मध्यनजर गर्दै विधायक शंकर घोषले दमकल कार्यालयमा विभागीय तयारी, उपकरणहरूको स्थिति औ समग्र व्यवस्थाको समीक्षा गर्नु भयो तथा अधिकारीहरूसित विस्तारपूर्वक बातचित गर्नु भयो। निरीक्षण पश्चात विधायकले भन्नु भयो, नागरिकको सुरक्षा सर्वोपरी हो। दमकल विभागको कार्यप्रणाली तथा संसाधनहरूमा चाँड़ै सुधार नआए भविष्यमा ठूलो दुर्घटना हुनसक्छ।

## सिलगढीमा ७७ औं गणतन्त्र दिवस समारोहको तयारी

सिलगढीमा ७७ औं गणतन्त्र दिवस समारोहको तयारी अन्तिम चरणमा पुगेको छ। आज सिलगढी पुलिस आयुक्तको मैदानमा भव्य परेड रिहर्सल गरिएको थियो, जहाँ अनुशासन, समन्वय र देशभक्तिको उल्लेखनीय प्रदर्शन देखियो।हरेक वर्ष जस्तै, यस वर्ष पनि, मुख्य गणतन्त्र दिवस समारोह अघि रिहर्सल गरिएको थियो। रिहर्सलमा जम्मा १८ टोलीले भाग लिएका थिए, जसमा सशस्त्र सीमा बल (एसएसबी) को एक टोली, १४ विद्यालयका विद्यार्थीहरूको टोली र सिलगढी पुलिस आयुक्तालयको तीन विशेष टोली समावेश थिए।एसीपीले मैदानमा उपस्थित रहँदै परेड रिहर्सलको नेतृत्व गरे। पुलिस स्रोतका अनुसार 26 जनवरीमा हुने मुख्य गणतन्त्र दिवस समारोहको लागि रिजर्भ इन्स्पेक्टर तेन्जिङ लामाले परेड कमाण्डरको रूपमा काम गर्नु हुनेछ।

## सिक्किमका मुख्यमन्त्रीद्वारा प्रशान्त तामाङलाई श्रद्धाञ्जली अर्पण

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले स्वर्गीय प्रशान्त तामाङप्रति श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। उहाँले प्रशान्त तामाङको असामयिक निधनले असंख्य प्रशंसकहरूको हृदयमा अपूरणीय शून्यता सिर्जना गरेको बताउनु भएको छ। मुख्यमन्त्री तामाङले आज दार्जिलिङस्थित स्वर्गीय तामाङको निवास पुगेर श्रद्धाञ्जली अर्पित गर्नु भयो भने शोकसन्तप्त परिवारका सदस्यहरूप्रति आफ्नो समवेदना पनि प्रकट गर्नु भएको छ।
मुख्यमन्त्रीले तामाङले भन्नु भएको छ, 'आज बिहान म दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली र अन्तिम सम्मान अर्पण गर्न प्रख्यात अभिनेता, गायक प्रशान्त तामाङको निवासमा गएँ। उहाँको असामयिक निधनले सिक्किम र बाहिरका असंख्य प्रशंसकहरूको हृदयमा अपूरणीय शून्यता सिर्जना गरेको छ।'
मुख्यमन्त्री तामाङले यस गहिरो शोकको क्षणमा शोकसन्तप्त परिवार, साथीभाई र शुभचिन्तकहरूप्रति गहिरो समवेदना व्यक्त गर्नु भएको छ। उहाँले शोकसन्तप्त परिवारलाई यो अतुलनीय क्षति सहन सक्ने शक्ति र साहस मिलोस् भन्दै दिवंगतको आत्माको चिर शान्तिको कामना गर्नु भएको छ।

## तृणमूल रेल हकर्स यूनियनको विरोध प्रदर्शन

न्यू जलपाईगुड़ी रेलवे स्टेशनमा हकरहरूमाथि आरपीएफले गरिरहेको कथित ज्यादतीलाई लिएर आज अल बंगाल तृणमूल रेल हकर्स यूनियनको एनजेपी शाखाले विरोध प्रदर्शन गऱ्यो। यूनियनले आरोप लगायो, हिजोआज हकरहरूविरूद्ध मामिला तथा जरीमानाको संख्या असामान्य रूपमा बढ़िरहेको छ जसबाट सयकड़ौं गरीब भएर गम्भीर आर्थिक संकटमा परेका छन्। यूनियन नेताहरूले बताए, केही हकरहरूले पछिल्लो 40-50 वर्षदेखिकै रेलवे परिसरमा व्यवसाय गरेर आफ्नो परिवारको पालन-पोषण गर्दै आइरहेका छन्। यद्यपि आरपीएफले उनीहरूलाई बारम्बार समातिरहेको छ साथै भारी जरीमाना लगाइरहेको छ जसलाई चुकाउन उनीहरूलाई गाह्रो भइरहेको छ। यस मुद्दामा उनीहरूले रेलवे प्रशासनसित कैयौं पटक सिकायत गरेको भए पनि अहिलेसम्म कुनै स्थायी समाधान निक्लिन सकेको छैन।
प्रदर्शनको नेतृत्व गरिरहेका एनजेपी शाखाका अध्यक्ष सुजय सरकारले आरोप लगाउनु भयो, राजनीतिक दबावको कारणले रेलवे प्रशासनले गरीब हकरहरूलाई लक्षित गरिरहेको छ। उनीहरूको भनाइ छ, हकरहरूले यात्रीहरूलाई खाद्य सामग्री तथा आवश्यक वस्तुहरू उपलब्ध ग राउनका साथै सुरक्षामा पनि सहयोग गर्दै आइरहेका छन्। त्यसैले आज एनजेपी आरपीएफ कार्यालय सामु

शान्तिपूर्ण प्रदर्शन गरेर रेलवे प्रशासनलाई ज्ञापन सुम्पिएका हुन्। उहाँले चेताउनी दिनु भयो, यदि हकरहरूको उत्पीड़नलाई बन्द नगरे आगामी दिनमा व्यापक आन्दोलन गरिनेछ साथै आवश्यकता परे रेलवेको क्षेत्रीय कार्यालयको घेराउ पनि गरिनेछ।

**मौसम**

बंगालमा सरस्वती हिजो पूजाको दिनदेखि फेरि एकपटक चिसो बढ़ेको महसूस गरिँदैछ। लगातार घट्दो पारालाई देखेर मानिसहरूले जाड़ो फर्केर आउने अड़कल लगाइरहेका छन्। तथापि अलिपुर मौसम विभागले हाल'दोस्रोचरण'-लाई लिएर कुनै पुख्ता घोषणा नगरे पनि तापमान घट्ने क्रम यथावत छ। मौसम विभागअनुसार आकाश सफा रहनेछ, तथापि बिहान कतिपय स्थानहरूमा हल्का धमिलोपन रहनसक्छ। दिनभरि तापमान 14-देखि 25 डिग्री सेल्सियसबीच रहने सम्भावना छ। अलिपुर मौसम विभागले राज्यभरि नै कुहिरो लाग्ने चेताउनी जारी गरेको छ।

****** ० ******